# गैंडाकोट राजपत्र

खण्ड :०९ संख्या :०४ मिति :- २०८३/०४/२२

## भाग - ०२

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## गैंडाकोट नगरपालिका भित्रका सामुदायिक विद्यालयमा सुत्केरी सट्टा शिक्षक नियुक्ति संबन्धी कार्यविधी २०८३

**जारी मिति: २०८३/०४/२२**

**स्थानीय सरकार संचालन ऐन, २०७४** को परिच्छेद ३ दफा ११ को उपदफा २ ज र गैंडाकोट नगरपालिका शिक्षा ऐन २०७९ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी नियमित र निरन्तर रुपमा विद्यालयहरु संचालन भै पठनपाठन कार्य नियमित सुचारु हुन वान्छनिय भएकोले नगर कार्यपालिकाले सामुदायिक बिद्यालयमा सुत्केरी सट्टा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८३ जारी गरेको छ।

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१.१ यस कार्यविधिको नाम "सामुदायिक विद्यालयमा सुत्केरी सट्टा शिक्षक नियुक्ति संबन्धी कार्यविधी २०८३" रहेको छ।

१.२ यो कार्यविधि नवलपुर जिल्ला गैंडाकोट नगरपालिका अन्तर्गत सञ्चालन भएका सामुदायिक विद्यालय र बाल विकास केन्द्रमा लागू हुनेछ।

### २. कार्यविधिको उद्देश्यः

विद्यालयस्तरमा सट्टा शिक्षकहरुको नियुक्ति प्रक्रियालाई व्यवस्थित गरी समग्र शिक्षण सिकाइको नियमितता र गुणस्तर सुधार गर्नु कार्यविधिको उद्देश्य रहेको छ।

## ३. सुत्केरी सट्टा शिक्षक नियुक्ति सम्बन्धी कार्यबिधीः

**३.१** गैंडाकोट नगरपालिका भित्रका सामुदायिक विद्यालय र बाल विकास केन्द्रमा कार्यरत महिला शिक्षक सुत्केरी भई निज विदामा रहेको अवधिमा निजको सट्टामा तत्काल करारमा शिक्षक नियुत्ति ‍गर्न पर्ने भएमा निजको विदाका अवधिका लागि अस्थाई करारमा सट्टा शिक्षक नियुक्तिका लागि अनुमति लिनु पर्नेछ ।

**३.२** बि.व्य.स.को अध्यक्षको अध्यक्षतामा वि.व्य.स. को निर्णयानुसार ३ सदस्यीय शिक्षक छनौट समिति गठन गरिनेछ । सदस्यहरुमा यस कार्यालयवाट सूचीकृत भएका सूचीका विषय विशेषज्ञ वि.व्य.स. वाट मनोनित १ जना सदस्य र सदस्य सचिव प्रधानाध्यापक रहनेछन र आवश्यकता अनुसार नगरपालिकाबाट परीक्षा अनुगमन गर्न सकिनेछ ।

**३.३** कम्तिमा ५ दिनको म्याद राखि विज्ञापन प्रकाशन भएको मितिले गणना हुनेगरी विद्यालयको सूचना पाटीमा विज्ञापन प्रकाशन गर्नु पर्नेछ, त्यस सम्बन्धी सूचना न.पा. र वडा कार्यालयमा समेत टाँस प्रचार गर्ने र मुचुल्का बनाउनु पर्नेछ ।

**३.४** शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम ९ र १० अनुसारको शैक्षिक योग्यता र तालिम प्राप्त, अध्यापन अनुमतिपत्र प्राप्त व्यक्तिहरुवाट दरखास्त लिने तर प्रथम पटकको बिज्ञापनमा अध्यापन अनुमति प्राप्त व्यक्ति उपलव्ध हुन नसकेमा विव्यसबाट निर्णय गराई पुनः ३ दिनको विज्ञापन गरी अध्यापन अनुमतिपत्र नभएका व्यक्तिको समेत दरखास्त लिन सकिने छ । वाल विकास केन्द्रका सम्बन्धमा माध्यमिक शिक्षा उत्तिर्ण परीक्षालाई शैक्षिक योग्यता मानिनेछ ।

**३.५** शिक्षक सेवा आयोगले निर्धारण गरेका पाठ्यक्रम र प्रश्नपत्रको ढाँचा अनुसार १०० पूर्णाङ्कको बस्तुगत परीक्षाको उत्तिणाङ्क ५० प्रतिशत, विषयगत पूर्णांक १०० उत्तिूणाङ्क ४० को लिखित परीक्षा र १५ पूर्णाङ्कको अन्तरवार्ता, शैक्षिक योग्यता ५ पूणाङ्कको परीक्षाहरुवाट उपयुक्त उमेदवार छनौट गर्नु पर्नेछ । र अन्तरवार्ताको अंक दिदा ७० प्रतिशत भन्दा वढि र ३५% भन्दा कम अंक नदिने । दिनु पर्ने भए स्पष्ट कारण खुलाई दिनु पर्नेछ । वाल विकास केन्द्र र अन्यका सम्बन्धमा छनौट समितिको निर्णयानुसार हुनेछ ।

**३.६** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) ले तोकेको संख्यामा नवढ्ने गरी बर्णानुक्रम अनुसारको नामावली शिक्षक छनौट समितिवाट निर्णय गराई प्रकाशन गर्नु पर्नेछ ।

**३.७** लखित परीक्षा, र अन्तरवार्ता समेतवाट सवैभन्दा वढीअंक प्राप्त गर्ने उमेद्वारलाई सफल र दोस्रो वढी अंक प्राप्त गर्ने उमेद्वारलाई वैकल्पिक उमेदवारको रुपमा छनौट समितिवाट निर्णय गराई नियुक्तिका लागि वि.व्य.स.मा सिफारिस गर्नु पर्नेछ ।

**३.८** लिखित परीक्षाको उत्तर पुस्तिका परीक्षण गर्दा गोप्य रुपमा कोड नं. राखी मूल्यांकन गर्ने र प्राप्ताङ्क गोप्य शिलवन्दी गर्नु पर्नेछ ।

**३.९** शिक्षक छनौट समितिवाट सिफारिस भई आएको सफल उमेद्वारलाई वि.व्य.स.को वैठकवाट निर्णय गराई सुत्केरी विदा अवधिका लागि करार संझौता गरी करार शिक्षक पदमा नियुक्ति गर्नु पर्नेछ ।

**३.१०** छनौट भएका उमेद्वारका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी, समष्टिगत अंक तालिका साथै छनौट सम्वन्धि सम्पूर्ण निर्णय प्रतिलिपी सहित अनुमतिका मितिले १५ दिनभित्र छनौट कार्य सम्पन्न गर्नु पर्नेछ । सुत्केरी विदा भुक्तान पश्चात निजको हाँजिर उतार सहित तलवभत्ता निकासाका लागि यस नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**३.११** परीक्षा केन्द्र सम्वन्धीत विद्यालयमा राख्नुपर्नेछ ।

**३.१२** निज सट्टा शिक्षकको तलव भत्ता निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ को दफा १३ झ २ बमोजिम सोहि कार्यक्रमको शिर्षकबाट विद्यालयको खातामा अनुदान रकम निकासा गर्नु पर्नेछ ।

## ४ बचाउः

यो कार्यबिधि जारी हुनु भन्दा अगाडी यस नगरपालिका बाट सुत्केरी विदाको सट्टा शिक्षक नियुक्तीका सम्बन्धमा भएका अनुमति, नियुक्ति र अभिलेखीकरण यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत